# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा. परिपत्र संख्या : ०५/२०७८-७९** **मितिः २०७८/०६/१७**

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु र राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरु ।**

**विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**<u>(१) एकीकृत परिपत्र ०१/२०७६ को दफा १.१.१५:</u>**

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ अन्तर्गत नेपाल सरकारले समय समयमा निकासी पैठारी गर्न पूर्ण वा परिमाणात्मक बन्देज लगाएका वस्तुहरू सोही बमोजिम हुनेछ ।

साथै, भन्सार उपशीर्षक ०७१३.१०.०० को केराउको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल ८०,००० (असी हजार) मेट्रिक टन परिमाण ननाघ्ने गरी, भन्सार उपशीर्षक ०८०२.८०.०० र ०८०२.९०.०० को सुपारीको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल २५,००० (पच्चीस हजार) मेट्रिक टन परिमाण ननाघ्ने गरी, भन्सार उपशीर्षक ०८०४.१०.०० को छोकडाको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल ५,००० (पाँच हजार) मेट्रिक टन परिमाण ननाघ्ने गरी, भन्सार उपशीर्षक ०९०४.११.०० को नधुल्याएको मरिचको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल १५,००० (पन्ध्र हजार) मेट्रिक टन परिमाण ननाघ्ने गरी विदेशबाट आयात गर्न सकिने परिमाणात्मक बन्देज लगाइएको हुँदा सोही व्यवस्थाको अधीनमा रही विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिने छ ।

साथै, अमेरिकी डलर ५०,००० भन्दा बढी मूल्यको सवारी साधनको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाइएको र नधुल्याएको मरिच आयातको परिमाणात्मक बन्देज सम्बन्धी नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मन्त्रालयको मिति २०७७/०३/०८ को सूचना खारेज गरिएको हुँदा सोही व्यवस्थाको अधीनमा रही विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिने छ ।

भन्सार उपशीर्षक ०८०४.१०.०० को छोकडाको पैठारीमा पूर्ण बन्देज लगाएकोमा २०७६ चैत १६ गते अगाडि नै चलान (सिपिङ्ग) भइसकेका तर खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको स्वीकृति नलिएका छोकडाको हकमा सम्बन्धित भन्सार स्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको कार्यालयले गुणस्तर प्रमाणीकरण गरी उपयुक्त देखिएको सिफारिस गरेमा त्यस्तो छोकडा पैठारी गर्ने प्रयोजनको लागि समेत विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिने छ ।

**आर्थिक वर्ष २०७७/७८ को लागि परिमाणात्मक बन्देजको सीमा तोकिएका वस्तुहरुको पैठारी हकमा कोटा प्राप्त गर्ने आयातकर्ताले २०७८ असार मसान्तभित्र त्यस्तो वस्तु Shipment गराइसक्नुपर्ने र त्यसरी २०७८ असार मसान्तसम्म LC/DAP/ DAA/ DD/TT खोली Shipment भैसकेका वस्तुहरु आर्थिक वर्ष २०७८/७९ मा पनि भन्सार जाँचपास गर्ने सम्बन्धी व्यवस्था गर्न सकिनेछ । आर्थिक वर्ष २०७८/७९ मा यस पूर्व परिमाणात्मक बन्देज लगाइएका वस्तुहरुको सम्बन्धमा हालसम्म नेपाल सरकारबाट कोटा निर्धारण नभएको र इजाजत पनि प्रदान नभएको हुँदा त्यस्ता वस्तुहरु आयात गर्ने प्रयोजनका लागि कुनै पनि आयात, बैंकिङ्ग तथा भुक्तानी सम्बन्धी प्रक्रिया अगाडि बढाउन सकिने छैन ।**

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

भवदीय,

२०७८।०६।१८

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. श्री नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री भन्सार विभाग ।
६. श्री वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
११. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१२. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१३. श्री नेपाल उद्योग परिसंघ ।
१४. श्री नेपाल चेम्बर अफ कमर्स ।
१५. श्री नेपाल बैंकर्स संघ ।
१६. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१७. श्री नेपाल वित्तीय संस्था संघ ।